# प्रदेश युवा परिषद्‌को उपाध्यक्ष सिफारिस सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः**

बागमती प्रदेश सरकारले जारी गरेको प्रदेश युवा परिषद् ऐन, २०७६ र प्रदेश युवा परिषद् नियमावली, २०७७ बमोजिम स्थापना भएको प्रदेश युवा परिषद् र सो अन्तर्गत गठन भएको सिफारिस समितिले परिषद्‌को उपाध्यक्ष नियुक्ति गर्नका लागि गरिने सिफारिसको प्रक्रियालाई व्यवस्थित एवं पारदर्शी बनाउन र उपयुक्त उम्मेदवार छनौट गर्न वाञ्छनीय भएकोले,

यो कार्यविधि प्रदेश युवा परिषद् ऐन, २०७६ को दफा ३२ को अधिनमा रहि बनाईएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम " प्रदेश युवा परिषद्‌को उपाध्यक्ष सिफारि सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि सिफारिस अवधिसम्म कायम रहनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "उम्मेदवार" भन्नाले उपाध्यक्ष पदमा सिफारिसका लागि कार्ययोजना सहित निवेदन र आवश्यक कागजागहरु पेश गरेको व्यक्तिलाई सम्झनु पर्दछ।

(ख) "कार्ययोजना" भन्नाले प्रदेश युवा परिषद्‌को उपाध्यक्ष पदका उम्मेदवारले प्रदेशका युवाहरुको हकहितको संरक्षण, सम्बर्द्धन र सशक्तिकरण गरी शिक्षा, सीप, उद्यमशीलतामा र रोजगारीमा युवाहरुको भूमिका र योगदानलाई प्रवर्द्धन गर्दै समुन्नत प्रदेश र राष्ट्रको निर्माणमा नीति निर्माणदेखि कार्यान्वयन तहसम्म युवाहरुको सार्थक सहभागिता अभिबृद्धि गरी प्रदेश र राष्ट्र विकासको मूल प्रवाहमा युवालाई समावेश गर्ने सम्बन्धमा पेश गरेको अवधारणा पत्र सम्झनु पर्दछ।

(ग) "तोकिएको समय" भन्नाले उपाध्यक्षका लागि कार्ययोजना सहित निवेदन र आवश्यक कागजातहरु पेश गर्न तोकिएको अन्तिम मिति सम्झनु पर्दछ।

(घ) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्दछ।

(ङ) "सिफारिस समिति" भन्नाले प्रदेश युवा परिषद् ऐन, २०७६ को दफा ८ को उपदफा (२) बमोजिम गठन भएको सिफारिस समिति सम्झनु पर्दछ।

३. <u>बैठक सम्बन्धी व्यवस्था:</u> (१) सिफारिस समितिको बैठक अध्यक्षले तोके बमोजिमको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठकबाट स्वीकृत कार्यविधि अनुसार सिफारिस समितिले आफ्नो कार्य सम्पादन गर्नेछ।

(३) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न वा कुनै कार्यका लागि जिम्मेवारी प्रदान गर्न सक्नेछ।

४. <u>कार्ययोजना सहितको निवेदन माग गर्ने सम्बन्धी व्यवस्था:</u> (१) प्रदेश युवा परिषद् ऐन, २०७६ को दफा ८ को उपदफा (३) बमोजिम योग्यता पुगेका इच्छुक आवेदकहरुबाट यस कार्यविधिको अनुसूची-१ बमोजिमका कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरु पेश गर्न ७ (सात) दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नेछ।

(२) इच्छुक उम्मेदवारले तोकिएको म्यादभित्र आफ्नो कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरु मन्त्रालयमा दर्ता गराउनु पर्नेछ।

५.<u>कार्ययोजनाको अध्ययन:</u> (१) तोकिएको समयभित्र प्राप्त भएका कार्ययोजना सहितको निवदेन र आवश्यक कागजातहरुको समितिले गहन रुपमा अध्ययन गर्नेछ।

(२) प्राप्त भएका कार्योजना सहितको निवेदन र आवश्यक कागजातहरुको अध्ययन गर्दा समितिले प्रदेशका युवाहरुको हक, हितको संरक्षण, सम्बर्द्धन र सशक्तिकरण गरी शिक्षा, सीप, उद्यमशीलतामा र रोजगारीमा युवाहरुको भूमिका र योगदानलाई प्रवर्द्धन गर्दै समुन्नत प्रदेश र राष्ट्रको निर्माण नीति निर्माण देखि कार्यान्वयन तहसम्म युवाहरुको सार्थक सहभागिता अभिवृद्धि गरी प्रदेश र राष्ट्र विकासको मूल प्रवाहमा युवाहरुलाई समावेश गर्नका लागि विशेष नेतृत्त्व लिन सक्ने अवधारणागत पक्षलाई आधार लिइनेछ।

(३) उपदफा (२) अनुसार कार्ययोजना अध्ययन गर्दा समितिले कुनै उम्मेदवारसँग थप स्पष्ट हुन चाहेमा सिफारिस समितिको बैठकमा उपस्थित गराई थप छलफल गर्न सक्नेछ। तर कार्ययोजनामा समावेश नभएको विषयमा थप छलफल गरिने छैन् ।

६.<u>सिफारिस सम्बन्धी व्यवस्था:</u> (१) सिफारिस समितिमा प्राप्त भएका कार्ययोजना सहितको निवदेन र आवश्य कागजातहरुको आधारमा सबै उम्मेदवारहरुको मूल्याङ्कन गरी सो मध्येबाट छनौट भएका उत्कृष्ट तीन जना उम्मेदवारहरु मध्येबाट प्रदेश युवा परिषद्को उपाध्यक्षमा एक जनालाई नियुक्ति गर्ने प्रयोजनका लागि सिफारिस सिमितिले तीन जनालाई उम्मेदवारहरुको नाम प्रदेश युवा तथा खेलकुद विकास मन्त्री समक्ष सिफारिस गर्नेछ।

७. <u>बाधा अड्काउ फुकाउने:</u> (१) सार्वजनिक सुचना आह्वान गर्दा आवश्यक निवेदन नपरेमा वा प्राप्त नभएमा निवेदनहरु पनि अयोग्य भएमा पुनः अर्को सुचना आह्वान गरिनेछ ।

(२) दोस्रो पटक सुचना आह्वान गर्दा पनि आवश्यक संख्यामा निवेदन नपरेमा वा परेका निवेदनहरु पनि योग्य नभएमा तेर्सो पटक तीन दिनको सुचना दिएर पुनः निवेदन आह्वान गर्न सक्नेछ।

(३) यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरु यसै बमोजिम र अन्यमा प्रदेश युवा परिषद् सम्वन्धि ऐन र नियमावली वमोजिम हुनेछ।

(४) सिफारिस सम्वन्धि कार्य सम्पादन गर्दा समितिले आवश्यकता अनुसार यस कार्यविधिको व्याख्या गर्ने तथा अन्य उपयुक्त निर्णय गरी कार्यसम्पादन गर्न सक्नेछ।

## अनुसूची १

### उम्मेदवारले पेश गर्नुपर्ने कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरु

१. निवेदन

२. वैयक्तिक विवरण (Curriculum vitae)

३. कार्ययोजना (प्रदेशका युवाहरुको हक, हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरण गरी शिक्षा,सिप, उद्यमशीलतामा र रोजगारीमा युवाहरुको भुमिका र योगदान लाई प्रवर्द्धन गर्दै समुन्नत प्रदेश र राष्ट्रको निर्माणमा निती निर्माण देखि कार्यान्वयन तह सम्म युवाहरुको सार्थक सहभागिता अभिवृद्धि गरी प्रदेश र राष्ट्र विकासको मुलप्रवाहमा युवालाई समावेश गर्ने सम्वन्धमा कम्तिमा २५०० देखि वढिमा ३००० शब्द सम्म)

४.कार्ययोजनाका साथ पेश गर्नुपर्ने कागजात

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नात्तक तह उतिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी,
ग) ४० बर्ष उमेर ननाघेको,
घ) युवाको हक, हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणको क्षेत्रमा कम्तिमा पाँच वर्षको कार्य अनुभव सम्बन्धमा सम्बन्धित संस्थाबाट प्रमाणित कागजात,
ङ) युवा सम्बन्धि क्षेत्रमा हाल काम गरिरहेको संस्थाबाट प्रमाणित कागजात,
च) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको स्व-घोषणा पत्र